जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ११६ पृष्ठः ४ | २०८३ भदौ ११ बिहीबार (Thursday 27 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## रसुवा बाढी : हालसम्म ७२ जनाको शव भेटियो



काठमाडौं, १० भदौ। रसुवा बाढीका कारण मृत्यु हुनेको संख्या ७२ पुगेको पुष्टि भएको छ। सशस्त्र प्रहरी बल नेपालका अनुसार बाढीका कारण हालसम्म ७२ जनाको मृत्यु पुष्टि भइसकेको छ। सशस्त्रले दिएको तथ्यांक अनुसार सबैभन्दा बढी चितवनमा २८ जनाको शव फेला परेको छ। जसमा ५ जना महिला, १३ जना पुरुष र लैंगिक पहिचान खुल्न नसकेका १० जना छन्।

यस्तै १८ जनाको शव धादिङमा फेला परेको छ। जसमा ११ जना महिला, पाँच जना पुरुष र २ जना लैंगिक पहिचान खुल्न नसकेका शव छन्। यस्तै, नुवाकोटमा ११ जनाको शव फेला परेको छ। जसमा ५ महिला र ६ पुरुष रहेको सशस्त्र प्रहरीले जनाएको छ। यस्तै, २ महिला, ४ पुरुष, ३ पहिचान नखुलेकासहित ९ जनाको शव गोरखामा फेला परेको छ। यस्तै, तनहुँमा २ पुरुष, १ बालिका र एक बालक गरी ४ जनाको शव फेला परेको छ। यस्तै, पूर्वी नवलपुरमा एक बालिका र रसुवामा एक पुरुषको शव फेला परेको सशस्त्र प्रहरीले जनाएको छ।




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## लहानमा स्वच्छता कायम गर्न चुनौती

**जीवछ यादव**



लहान, १० भदौ। 'हाम्रो लहान, स्वच्छ र सुन्दर लहान' भन्ने नारा तय गरेर अघि बढेको लहान नगरपालिकामा स्वच्छता कायम गर्न चुनौती देखिएको छ। चुनौती समाधानका लागि यतिबेला लहानमा 'घरघरको शान, स्वच्छता अभियान' सञ्चालन भइरहेको छ। लहान नगरपालिका, वाटरएडअन्तर्गत चिकन परियोजना र दलित जनकल्याणको अगुवाइमा विपन्न दलित बस्तीमा स्वच्छतासम्बन्धी सडक नाटक तथा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको लहान नगरपालिका-७ का वडाध्यक्ष तथा सरसफाइ संयोजक रामऔतार शर्माले बताउनुभयो।

लहान नगरपालिका १० वर्षअघि नै खुला दिसामुक्त घोषणा गरिएको भए पनि अहिले पनि चार हजार २०१ घरमा शौचालय निर्माण हुन नसक्नु चुनौतीका रूपमा रहेको उहाँले बताउनुभयो। लहान नगरपालिकामा मुसहर समुदायलाई लक्षित गरी करोडौं रुपियाँको लगानीमा निर्माण गरिएका सात वटा ठूला, रङ्गीन तथा पहुँचयुक्त शौचालयसमेत सरसफाइको अभावमा प्रयोगविहीनजस्तै बनेको नागरिक अगुवा दिनेश यादवले बताउनुभयो। उहाँले भन्नुभयो, 'सरकारले सरसफाइ गरेर मात्र हुँदैन, सरसफाइलाई संस्कृतिका रूपमा विकास गर्न आवश्यक छ।'

लहान नगरपालिकाको सहरी क्षेत्रमा सरसफाइका लागि ५० भन्दा बढी सरसफाइकर्मी खटिएका छन्। पाँच वटा ट्याक्टर प्रयोग गरी बिहान ४ देखि ७ बजेसम्म सडक सफा गर्ने गरिएको छ। तर, बिहान सफा गरिएको सडकमा ११ बजेपछि फोहोर फालिने र दिउँसो २ बजेसम्म सडकमा फोहोरै फोहोर देखिने लहान-१ का रामबिहारी साहले बताउनुभयो। नगरपालिकाले सरसफाइ गरेर मात्र नपुग्ने भन्दै सहरी क्षेत्रका व्यापारीले

-बाँकी तीन पेजमा

## कृषि मजदुरको पीडा : मजदुरीले महँगीमा दुई छाक खान पनि धौ-धौ

**मणिलाल विश्वकर्मा**



लहान, १० भदौ। सिराहाको दक्षिणी सीमावर्ती नवराजपुर गाउँपालिकाका कृषि मजदुरहरूले बिहानदेखि बेलुकासम्म काम गर्दा पाउने मजदुरीले दुई छाक राम्ररी खानसमेत धौ-धौ परेको गुनासो गरेका छन्। कृषि मजदुर, खेताला, हरवा-चरवा, निर्माण मजदुर, घरेलु श्रमिकलगायत अनौपचारिक क्षेत्रका मजदुरले संघीय सरकारले तोकेको न्यूनतम् ज्यालासमेत नपाउँदा जीविका चलाउन कठिनाइ भइरहेको बताएका छन्। गाउँघरमा कृषि मजदुरका रूपमा काम गरिरहेका हरवा-चरवाले काम गरेबापत न्यूनतम् ज्याला, सुरक्षित बसोवास, छोराछोरीको शिक्षा, सीपमूलक तालिम तथा वैकल्पिक आयआर्जनका लागि स्थानीय सरकारले पहल गर्नुपर्ने माग गरेका छन्।

नवराजपुर-२, मझौरास्थित

-बाँकी तीन पेजमा

## बाढी र डुबान हुनुपूर्वको तयारी

- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- बर्षायाममा सधैं मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौ, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## हिमाली विपत्तिमा राष्ट्रिय एकता

सिन्धुपाल्चोकको भोटेकोशीदेखि रसुवा, नुवाकोट र धादिङ हुँदै मध्यपहाड र तराईसम्म बाढीले पुऱ्याएको क्षतिले नेपाललाई फेरि एकपटक गम्भीर प्राकृतिक संकटको सामना गर्न बाध्य बनाएको छ। केही घण्टामै सडक, पुल, बजार, घर, व्यवसाय तथा मानवीय जीवनमा पुगेको क्षति सामान्य बाढीको परिभाषाभन्दा धेरै गम्भीर देखिन्छ। ठूलो जनधनको क्षति, बेपत्ता नागरिक तथा पर्यटक, सम्पर्कविहीन बस्ती र तहसनहस भएका पूर्वाधारले राज्यको विपद् व्यवस्थापन क्षमता र हाम्रो पूर्वतयारीमाथि समेत गम्भीर प्रश्न उठाएका छन्। यस विपत्तिको वास्तविक कारणबारे अहिले नै निष्कर्ष निकाल्नु हतार हुनेछ। हिमताल विस्फोट, पहाडी क्षेत्रमा आएको आकस्मिक बाढी, भूकम्पीय गतिविधि, अत्यधिक वर्षा वा जलवायु परिवर्तनका प्रभावमध्ये कुन कारणले कति भूमिका खेले भन्ने विषयमा वैज्ञानिक अध्ययन आवश्यक छ। तर कारण जे भए पनि एउटा सत्य स्पष्ट छ, हिमाली क्षेत्रमा यस्ता आकस्मिक विपद्को जोखिम बढिरहेको छ र नेपालले त्यसअनुसार आफ्नो तयारी बलियो बनाउनैपर्छ।

अहिलेको पहिलो प्राथमिकता भनेको उद्धार, खोजी र राहत हो। बेपत्ता नागरिक तथा पर्यटकको खोजी तीव्र बनाउनुपर्छ। घाइतेको उपचार, विस्थापित परिवारलाई सुरक्षित स्थानमा राख्ने व्यवस्था, खाद्यान्न, औषधि, पानी र अन्य अत्यावश्यक सामग्रीको तत्काल आपूर्ति हुनुपर्छ। सडक तथा सञ्चार सम्पर्क टुटेका क्षेत्रसम्म राहत पुऱ्याउन राज्यका सबै संयन्त्र परिचालन गर्नुपर्छ संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय भए मात्र विपद्को समयमा राज्यको उपस्थिति पीडितले अनुभूति गर्न सक्छन्। यस घडीमा राजनीतिक आग्रह–पूर्वाग्रहभन्दा मानवीय दायित्व ठूलो हो। सरकार, राजनीतिक दल, निजी क्षेत्र, सामाजिक संस्था, सञ्चारमाध्यम, सुरक्षा निकाय र सर्वसाधारण सबैले आफ्नो ठाउँबाट सहयोग गर्नुपर्छ। विशेषगरी विपद्का बेला अफवाह र अपुष्ट सूचनाले पीडित परिवारको पीडा झन् बढाउन सक्छ। त्यसैले सामाजिक सञ्जालमा सनसनी फैलाउनेभन्दा प्रमाणित सूचना सम्प्रेषण गर्ने जिम्मेवारी सबैको हो। मृतक, बेपत्ता वा उद्धारसम्बन्धी गलत समाचारले परिवार र समाजमा गम्भीर मानसिक असर पार्न सक्छ।

यो विपत्तिले हाम्रो पूर्वाधार निर्माणको शैलीमाथि पनि प्रश्न उठाएको छ। नदी किनार, खोल्साखोल्सी र जोखिमयुक्त भूभागमा जथाभावी निर्माण गर्ने प्रवृत्ति रोक्नुपर्छ। सडक, पुल, जलविद्युत् आयोजना, बस्ती तथा अन्य संरचना निर्माण गर्दा वातावरणीय जोखिम र प्राकृतिक बहावलाई बेवास्ता गर्न मिल्दैन। विकास आवश्यक छ, तर जोखिम बढाएर गरिएको विकास अन्ततः विनाशको कारण बन्न सक्छ। नेपालका हिमाली नदीहरू केवल पानीका स्रोत होइनन्र तिनले हाम्रो अर्थतन्त्र, ऊर्जा, पर्यटन र कृषि प्रणालीलाई ठूलो योगदान दिएका छन्। तर तिनै नदीको प्रकृति र सम्भावित जोखिमलाई नबुझी पूर्वाधार विस्तार गर्दा भविष्यमा ठूलो मूल्य चुकाउनुपर्ने हुन सक्छ। हिमताल, हिमनदी, नदीको बहाव र पहाडी भूगोलबारे निरन्तर वैज्ञानिक अध्ययन तथा जोखिम नक्साङ्कन आवश्यक छ। जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना प्रणाली विस्तार गर्नु अब विकल्प होइन, अनिवार्यता हो।

विशेषगरी सीमा क्षेत्रका विपद्मा छिमेकी मुलुकसँगको सूचना आदानप्रदानलाई प्रभावकारी बनाउनुपर्छ। नेपाल–चीन सीमा आसपासबाट आउने नदी तथा हिमाली क्षेत्रमा हुने असामान्य प्राकृतिक गतिविधिबारे समयमै जानकारी पाउने र स्थानीय तहसम्म सूचना पुऱ्याउने संयन्त्र बलियो बनाउन आवश्यक छ। त्यस्तै, भारततर्फ जाने नदी प्रणालीसँग सम्बन्धित जोखिममा पनि समन्वय र सूचना साझेदारी अपरिहार्य छ। विपद् आएपछि मात्र सक्रिय हुने परम्परा अन्त्य गर्नुपर्छ विपद् व्यवस्थापनका लागि पर्याप्त बजेट, दक्ष जनशक्ति, आधुनिक उपकरण र तालिमप्राप्त उद्धार टोली प्रत्येक जोखिमयुक्त क्षेत्रमा तयार राखिनुपर्छ।

तराई–मधेसले वर्षौंदेखि बाढी र डुबानको पीडा भोग्दै आएको छ। अहिले पहाड र हिमालका नागरिक संकटमा छन्। त्यसैले यो समय भौगोलिक विभाजन होइन, राष्ट्रिय एकताको हो। तराईले हिमाललाई, हिमालले पहाडलाई र पहाडले तराईलाई सहयोग गर्ने नेपाली परम्परालाई अझ बलियो बनाउनुपर्छ। संकटले हामीबीचको दूरी होइन, सहकार्यको आवश्यकता देखाएको छ। आज हामी सुरक्षित छौं भने त्यो केवल संयोग पनि हुन सक्छ। त्यसैले विपत्तिमा परेका परिवारप्रति सहानुभूति मात्र होइन, व्यवहारिक सहयोग पनि आवश्यक छ। उद्धारमा स्वयंसेवा गर्ने, राहतमा योगदान गर्ने, रक्तदान गर्ने, प्रमाणित सूचनामात्र फैलाउने र पीडितको सम्मान कायम राख्ने काम पनि नागरिक दायित्व हो।

हिमाली विपत्ति प्राकृतिक घटना मात्र होइन, यसले हाम्रो राज्य संयन्त्र, पूर्वाधार नीति, वैज्ञानिक चेतना र सामाजिक एकताको परीक्षा लिएको छ। तत्काल उद्धार र राहतमा सफलता हासिल गर्नु पहिलो जिम्मेवारी हो। त्यसपछि जोखिम घटाउने दीर्घकालीन नीति, वैज्ञानिक अनुसन्धान र सुरक्षित विकासको बाटोमा अघि बढ्नु आवश्यक छ। विपद् रोक्न नसकिएला, तर यसको क्षति घटाउन सकिन्छ। त्यसका लागि सरकारको इच्छाशक्ति, वैज्ञानिक तयारी र नागरिकको सामूहिक प्रतिबद्धता अपरिहार्य छ। आजको पीडाबाट भोलिको सुरक्षित नेपाल निर्माण गर्ने संकल्प नै यो विपत्तिप्रतिको सबैभन्दा अर्थपूर्ण उत्तर हुनेछ।


# धनगढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल

## हाट बजार ठेक्का वन्दोबस्त सम्बन्धी सूचना

**पाँचौं पटक सूचना प्रकाशन मिति : २०८३/०५/१०**

नेपालको संविधान (२०७२) को अनुसूची–८, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिम यस नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका तपसिल बमोजिमका बजारहरुको आगामी आ.व. २०८३/०८४ का लागि नियमित हाट बजार सेवा शुल्क (राजश्व) उठाउने प्रयोजनको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संस्था वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलवन्दी दरभाउ पत्र पेश गर्न सम्वन्धित सबैका लागी यो सूचना प्रकाशित गरिएको छ

**शर्तनामा**

१. सूचना प्रकाशन भएको मितिले ७ (सात) औं दिन भित्र यस कार्यालयको कुमारी बैंक, धनगढीमा रहेको आन्तरिक राजश्व खाता नं. २६४०२४७७०२८००००१ मा रु. ३०००/–(रु. तीन हजार, पछि फिर्ता नहुने गरी जम्मा गरेको सक्कल भौचर वा नगदै बुझाई दरभाउ पत्र फारम यस कार्यालयको राजश्व उप–शाखाबाट खरिद गर्न सकिनेछ। इजाजत प्राप्त कम्पनीको हकमा नवीकरण भएको ठेक्का ईजाजत पत्र तथा स्थायी लेखा नम्बर (PAN) र भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र निवेदन साथ पेश गर्नुपर्नेछ।

२. रितपूर्वक भरिएको दरभाउपत्र फारम सूचना प्रकाशित भएको मितिले आठौं दिन दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएको दरभाउपत्र सोही दिनको १२:३० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. दरभाउपत्र साथै तपशिलमा उल्लेखित धरौटी वापतको (कबोल अंकको ५ प्रतिशत) रकम यस कार्यालयको कुमारी बैंक, धनगढीमा रहेको धरौटी खाता नं. धरौटी २६४०२४७७०२८०००१२ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (विडवण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक) बाट घटिमा एक सय दिनको मान्य अवधि भएको सक्कल बिडवण्ड (Bid Security) पेश गर्नु पर्नेछ।

४. दररेट भर्दा मूल्य अभिवृद्धि कर (VAT) बाहेकको दररेट भर्नु पर्नेछ।

५. दरभाउपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं. कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

७. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्बजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ।

७. एक फर्मको नामबाट खरिद भएको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाईने छैन।

८. रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र माथि कार्यवाही हुने छैन।

९. दरभाउपत्र आशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०. सेवा शुल्क असुल गर्दा करदातालाई दिईने रसिद नगर कार्यपालिकाको कार्यालयले तोकिदिएको ढांचामा ठेकेदारको तर्फवाट छपाई सि.नं.००१ देखि संख्या (Numbering) शुरु गरी नगर कार्यपालिकाको कार्यालयमा ल्याई नगर कार्यपालिकाको कार्यालयको छाप लगाई प्रमाणित भए पछि मात्र प्रयोग गर्न पाईनेछ। बिना छापको रसिद प्रयोग गरेको फेला परेमा नगर कार्यपालिकाको कार्यालयद्वारा कानूनी कार्वाही हुनेछ। साथै नगर कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराइने हाट बजार सेवाको दररेटहरुको बोर्ड बनाई ठेकेदारले नै राख्नु पर्नेछ।

११. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद, जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन। कुनै कारणवश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भए पनि पछि उल्लेखित विवरण जानकारी हुन आएमा ठेक्का बदर गरी धरौटी लगायत बुझाएको सम्पूर्ण रकम समेत जफत गरिनेछ।

१२. सूचनामा केही कुरा थपघट गर्न परेमा थपघट गर्नपर्ने कुरा कार्यालयको सूचना पार्टीमा टास गरी जानकारी गराइनेछ साथै सूचना सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१३. यस ठेक्का बापत नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण करदस्तुर फि, महशुल आदि ठेकेदारले नै बुझाउनु पर्नेछ।

१४. ठेकेदारले शुल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम, थर, ठेगाना खुलेको नामावली नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। त्यसरी नियुक्त कर्मचारीले तोकिएको शुल्क भन्दा बढी रकम उठाएमा वा नगरपालिकाको अहित हुने कार्य गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ।

१५. नगरपालिकाले निर्धारण गरेको दररेट भन्दा फरक मूल्य निर्धारण गरी संकलन गर्न पाउने छैन।

१६. तपसिल बमोजिमको न्यूनतम अंक भन्दा माथि कबोल गर्नु पर्नेछ। साथै दरभाउ पत्र पेश गर्दा प्रत्येक बजारको दरभाउ पत्र छुट्टाछुट्टै शिलबन्दी गरी पेश गर्नु पर्नेछ। शिलबन्दी दरभाउ पत्रमा दरभाउपत्रदाताले रीतपूर्वक सहीछाप गरेको हुनु पर्नेछ।

१७. दरभाउपत्र स्वीकृत भए पछि ठेक्का वापतको कबोल अंक दुई किस्तामा बुझाउनु पर्ने छ। पहिलो किस्ता चलन पूर्जी लिनु अगावै नगद ६० प्रतिशत रकम बुझाउनु पर्नेे। दोश्रो किस्ता बाँकी रकम रकम बराबरको यस कार्यालयका नाउँमा नेपाल राष्ट्र बैंकको मान्यता प्राप्त बैङ्कबाट जारि गरिएको कम्तीमा १३ महिना म्याद भएको कार्य सम्पादन जमानी पत्र सक्कल प्रति चलन पूर्जि लिनु अगावै पेश गर्नु पर्नेछ।

१८. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१९. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

**तपसिल**

| क्र.सं. | आय ठेक्का नं. | कामको विवरण | न्यूनतम दर (मु.अ.कर बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|
| १. | DH-MUN-०१–२०८३/०८४ | धनगढी बजार | २३,१०,००० (अक्षेरुपी तैइस लाख दश हजार रुपैयाँ मात्र) | |
| | | जिरोमाईल बजार | | |
| | | छपराडी बजार | | |

मोहन निरौला
प्रमुख प्रशासकीय अधिकृत
धनगढीमाई नगरपालिका
धनगढी, सिरहा


## सम्पर्कविहीन पर्यटक संख्या पुग्यो ४०३, कुन देशका कति ?

काठमाडौं, १० भदौ। रसुवा बाढीका कारण सम्पर्कविहीन भएका पर्यटक ४ सय ३ पुगेको छन्। नेपाल पर्यटन बोर्डका अनुसार ३ सय ४१ विदेशी र ६२ नेपाली पर्यटक सम्पर्कविहीन भएका छन्। जसमा २ सय ३ पुरुष र २ सय महिला छन्। सम्पर्कविहीन हुनेमा सबैभन्दा धेरै भारतीय छन्। कुल १ सय ३३ भारतीय पर्यटक बेपत्ता छन्। अमेरिकी ४७ जना बेपत्ता छन्। बेलायती ३३, अस्ट्रेलिया ३४, क्यानडा २४, मलेसिया १९, युक्रेन ७ र दक्षिण अफ्रिकका ६ पर्यटक बेपत्ता छन्। त्यसैगरी सिंगापुरका ६, न्यूजिल्यान्ड र जापान ५/५, जर्मनी ४, फ्रान्स ३ र स्पेनका २ पर्यटक सम्पर्कविहीन छन्।

## श्री जन सेवा माध्यमिक (प्राविधिक) विद्यालय कर्जन्हा

**कर्जन्हा, सिरहा, मधेश प्रदेश (नेपाल)**

**विज्ञापन सम्बन्धमा**

**मिति : २०८३/०५/१०**

प्रस्तुत विषयमा यस कर्जन्हा न.पा. शिक्षा युवा तथा खेलकुद शाखाको च.नं. १११ र ११० मिति २०८३।०५।०८ को अनुमति पत्र र यस विद्यालयको वि.व्य.स.को मिति २०८३।०५।१० गतो निर्णय, अनुसार यस विद्यालयमा रिक्त रहेको तपसिल अनुसारको पद विज्ञापनबाट पदपूर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक उम्मेदवारबाट दरखास्त आव्हान गरिन्छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | किसिम | संख्या | नियुक्तिको किसिम | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | ००१/२०८३ | का.स. | श्रेणी विहिन | संघीय अनुदान | १ | करार | |
| २. | ००२/२०८३ | का.स. | श्रेणी विहिन | न.पा. अनुदान | १ | करार | |

तपसिलः

१. दरखास्त दिने अवधि : २०८३।०५।१० गते देखि २०८३।०५।२४ गते सम्म,
सम्पर्क मिति २०८३।०५।२६ गते

२. दरखास्त दस्तुर रु. १०००/– जन सेवा मा.वि. कर्जन्हाको नेपाल बैंक लिमिटेड मिर्चैया रहेको खाता च.हि.नं. ३१२००१०७४४६५०५००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्ने छ।

३. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

४. परीक्षाको किसिम : लिखित, मौखिक तथा आवश्यक परेमा प्रयोगात्मक।

५. शैक्षिक योग्यता : SEE/SLC उत्तीर्ण गरेको।

६. पेश गर्नुपर्ने कागजातहरुः
   - शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपीहरु २/२ प्रति
   - नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी २ प्रति
   - पासपोर्ट साइजको फोटो २ प्रति
   - परीक्षा दस्तुर बुझाएको सक्कल भौचर १ प्रति
   - सबै कागजात संलग्न फाइल २ प्रति

७. दरखास्त दिने समय र स्थान : बिहान १०:०० बजे देखि ४:०० बजे सम्म, विद्यालयमा

८. उम्मेदवारले आफ्नो दरखास्तमा फोटो टाँसी २ वटा फाइलमा सबै कागज पत्रहरु पेश गर्नुपर्नेछ।

९. रित नपुगेको वा समय सिमा नाघी आएका दरखास्त दर्ता गरिने छैन।

१०. सम्पर्क नं. ९८१५७३८०८०, ९७०२४०४९६१
इमेल : jansewasecondary@gmail.com

**प्रधानाध्यापक**


# वैदेशिक रोजगारीमा मधेसका १४४ युवाको मृत्यु

जनकपुरधाम, १० भदौ। गत आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशबाट वैदेशिक रोजगारीमा गएका १ लाख ७९ हजार ३९ जनामध्ये १४४ जनाले ज्यान गुमाएका छन्। सुरक्षित आप्रवासन (सामी) कार्यक्रमले जनकपुरधाममा आयोजना गरेको समीक्षा कार्यक्रममा वरिष्ठ कार्यक्रम अधिकृत देवनारायण मण्डलले उक्त तथ्यांक सार्वजनिक गर्नुभएको हो।

तथ्यांकअनुसार धनुषाबाट ३८ हजार ५५३, महोत्तरीबाट २८ हजार २२९, सर्लाहीबाट २३ हजार २७३, सिरहाबाट ३० हजार २११, सप्तरीबाट २० हजार ५५९, बाराबाट १५ हजार ५५५, रौतहटबाट १४ हजार ६८२ र पर्साबाट ७ हजार ९७७ जना वैदेशिक रोजगारीमा गएका थिए। वैदेशिक रोजगारीमा जाने महिलाको संख्या सर्लाहीमा १ हजार ३८९, बारामा १ हजार ८८, महोत्तरीमा ४४७, धनुषामा ४१३, सिरहामा ३०४, सप्तरीमा २६९, रौतहटमा ५२५ र पर्सामा ३३८ रहेको छ।

यसैगरी, सामीअन्तर्गत सञ्चालित आप्रवासी स्रोत केन्द्रबाट ६३ हजार १४० जनाले सेवा तथा परामर्श लिएका छन्। तीमध्ये ५७ हजार २२५ पुरुष, ५ हजार ९१४ महिला र एक जना अन्य लैङ्गिक समूहका व्यक्ति छन्। श्रम तथा यातायात मन्त्रालयका शाखा



अधिकृत नविनकुमार शर्माका अनुसार गत आर्थिक वर्षमा वैदेशिक रोजगारीसम्बन्धी ६७५ समस्या समाधान गरिएको छ। १५९ पीडितलाई पीडकबाट २२ करोड १ लाख ७८ हजार ४०३ रुपैयाँ फिर्ता गराइएको उहाँले जानकारी दिनुभयो।

सामी कार्यक्रमले वैदेशिक रोजगारीमा जान चाहनेलाई गन्तव्य मुलुक, रोजगारी प्रक्रिया, श्रम स्वीकृति, सीप, लागत, बीमा तथा कानुनी अधिकारबारे सूचना र परामर्श दिँदै आएको छ। श्रम तथा यातायातमन्त्री शारदा थापाले वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन पूर्वसूचना तथा परामर्शको पहुँच विस्तार गर्नुपर्ने बताउनुभयो। सही सूचना पाए ठगी, बढी लागत, अवैध बाटोबाट हुने प्रस्थान तथा रोजगारीका जोखिम न्यूनीकरण गर्न सहयोग पुग्ने उहाँको भनाइ छ।

श्रम तथा यातायात मन्त्रालयका वरिष्ठ उपसचिव धन्जयकुमार सिंहको अध्यक्षतामा समीक्षा कार्यक्रम सम्पन्न भएको थियो॥

## *कृषि मजदुरको ...*

राधाकृष्ण महिला समूहकी अध्यक्ष सजनीदेवी सदायले बिहानदेखि बेलुकासम्म काम गरेबापत मुस्किलले पाँच सय रुपैयाँ ज्याला पाउने गरेको बताइन्। 'खेतीपातीको काम लगाउने गिरहत (जग्गाधनी) मनकारी भए खाजा–खाना दिन्छन्,' उनले भनिन्, 'आफूलाई दिएको खाजा–खाना थोरै खाएर बाँकी छोराछोरीका लागि पनि लैजानुपर्ने बाध्यता छ।'

नवराजपुर–१, भगवतीपुरस्थित दिनाराम दिनाभद्री महिला कृषक समूहकी अध्यक्ष सोनावती सदायले तोकिएको न्यूनतम् ज्याला नपाउने अवस्था रहेको बताइन्। सुरक्षित बसोवासका लागि ऋण–सापटी गरेर किनेको १० धुर घडेरीमा समेत सँधियारले जग्गा खिचोलासम्बन्धी मुद्दा हालेर दुःख दिएको उनको भनाइ छ। नवराजपुर गाउँपालिकाको सभाकक्षमा सोमबार आयोजित 'न्यायोचित ज्याला तथा कार्यान्वयनको अवस्था' विषयक संवाद कार्यक्रममा सहभागी कृषि मजदुरहरूले आफूहरूको न्यूनतम् मजदुरीका लागि पालिकाले निश्चित मापदण्ड बनाएर लागू गर्न माग गरे। भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको सुरक्षित बसोबासका लागि भूमि समस्या समाधान समितिमार्फत जग्गाको व्यवस्थापन गर्नसमेत उनीहरूले आग्रह गरे।

**ज्यालासँगै कामको पनि मूल्यांकन**

नवराजपुर गाउँपालिकाकी उपाध्यक्ष पुनमकुमारी यादवले कृषि मजदुरले महँगीअनुसार न्यूनतम् ज्याला पाउनुपर्ने बताइन्। न्यायिक समितिकी संयोजकसमेत रहेकी यादवले मजदुरले पाउने ज्यालासँगै उनीहरूले गर्ने कामको पनि मूल्यांकन हुनुपर्ने बताइन्। 'स्थानीय किसानको समस्या पनि नजरअन्दाज गर्नु हुँदैन,' उनले भनिन्, 'मलखाद, सिँचाइको अभाव र कृषि उपजको लागत मूल्य उठाउनसमेत समस्या भएकाले किसान, हरवा–चरवा, कृषि मजदुर र निर्माण मजदुरलाई परिचयपत्र वितरण गरी पालिकाका सेवा–सुविधाको न्यायोचित वितरण गर्न सकिन्छ।'

नवराजपुर–४ का वडाध्यक्ष जयप्रकाश यादवले पालिका क्षेत्रमा मजदुरको ज्याला समान हुनुपर्ने बताए। दलित, विपन्न, भूमिहीन, सुकुमवासी तथा सीमान्तकृत समुदायको हक–अधिकारका लागि आफूहरू गम्भीर रहेको उनको भनाइ छ। हरवा–चरवा सशक्तीकरण कार्यक्रमअन्तर्गत सिराहाको लहानस्थित दलित जनकल्याण युवा क्लबको आयोजनामा भएको कार्यक्रममा गाउँपालिकाका प्रशासन शाखा प्रमुख घुरन यादवले पालिकाले लघुउद्यम विकाससम्बन्धी कार्यक्रममार्फत स्थानीय मजदुरको वैकल्पिक आयआर्जन र सिप विकासका काम गरिरहेको बताए।

पालिका क्षेत्रमा बसोबास गर्ने मजदुरको ज्याला एकरूपताका लागि निर्देशिका वा कार्यविधि बनाएर लागू गर्न सकिने उनले बताए। 'पालिकाले कामको प्रकृतिअनुसार मजदुरको ज्याला निर्धारण गर्नुपर्छ,' उनले भने। त्यसका लागि निर्देशिका वा कार्यविधिको मस्यौदा तयार गरी कार्यपालिकाबाट निर्णय गरेर स्थानीय राजपत्रमा प्रकाशन गरेपछि लागू गर्न सकिने उनको भनाइ छ। कार्यक्रममा क्लबका कार्यक्रम प्रबन्धक बहादुर सदायले सिराहाको नवराजपुरसहित सप्तरीको विष्णुपुर र छिन्नमस्ता गाउँपालिका क्षेत्रका गरिब तथा विपन्न हरवा–चरवा परिवारलाई स्थानीय मागअनुसार सिपमूलक तथा क्षमता विकाससम्बन्धी तालिम दिइने बताए। ज्याला नीति निर्धारणका लागि प्राविधिक सहयोग र सहजीकरण तथा बालबालिकाको शिक्षाका लागि कापी, कलम, विद्यालय पोसाकलगायत छात्रवृत्ति उपलब्ध गराइने उनले जानकारी दिए।

कार्यक्रममा उपाध्यक्ष यादव र कृषि शाखा प्रमुख हरिनारायण यादवले गाउँपालिका क्षेत्रमा गठन गरिएका पाँचवटा महिला कृषक समूहका पदाधिकारीलाई समूह दर्ताको प्रमाणपत्र हस्तान्तरण गरे।

**यस्तो छ ज्यालासम्बन्धी कानुनी व्यवस्था**

पत्रकार तथा दलित अधिकारकर्मी मणिलाल विश्वकर्माले स्थानीय सरकारले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को आधारमा आफ्नो पालिका क्षेत्रभित्रका श्रमिकका लागि स्थानीय न्यूनतम् दररेट निर्धारण, श्रमिकको लगत संकलन, ज्याला भुक्तानीको अनुगमन तथा गुनासो संयन्त्रको स्थापना र सञ्चालन गर्न सक्ने भएकाले त्यसतर्फ ध्यान दिन पालिकालाई आग्रह गरे। नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम १ साउन २०८२ देखि लागू हुने गरी चिया बगानबाहेकका श्रमिकको महँगी भत्तासहित मासिक, दैनिक, प्रतिघण्टा र आंशिक समय कामको न्यूनतम् पारिश्रमिक निर्धारण गरेको छ।

त्यसअनुसार श्रमिकको मासिक आधारभूत पारिश्रमिक १२ हजार १७० रुपैयाँ र महँगी भत्ता सात हजार ३८० रुपैयाँ गरी कुल १९ हजार ५५० रुपैयाँ तोकिएको छ। दैनिक आधारभूत पारिश्रमिक ४७० रुपैयाँ र महँगी भत्ता २८४ रुपैयाँ गरी कुल ७५४ रुपैयाँ तथा प्रतिघण्टा आधारभूत पारिश्रमिक र महँगी भत्तासहित १०१ रुपैयाँ तोकिएको छ। आंशिक समय काम गर्ने मजदुरका लागि प्रतिघण्टा न्यूनतम् पारिश्रमिक १०७ रुपैयाँ निर्धारण गरिएको छ।

## *लहानमा स्वच्छता...*

गर्ने लापरवाही रोक्न जरिवाना तोक्नुपर्ने उहाँको भनाइ छ।

लहानको मुख्य चोकमा निर्माण भएको कृषि कम्प्लेक्स भवन वरिपरि लाग्ने तरकारी बजार तथा अन्य सहरी क्षेत्रमा छाडा चौपायाका कारण सहरको सौन्दर्य र सरसफाइमा ठुलो चुनौती देखिएको तरकारी व्यापारी गुरुदयाल महतोले बताउनुभयो। बाखा, खसी, गाई, साँढे तथा भुस्याहा कुकुरका कारण समस्या बढेको उहाँले बताउनुभयो। छाडा चौपाया नियन्त्रणका लागि लहान नगरपालिकाले खासै प्रयास नगरेको भन्दै तरकारी बजारका व्यापारी र उपभोक्ताले गुनासो गरेका छन्।

सरसफाइको समस्या सहरी क्षेत्रमा मात्रै नभई ग्रामीण भेगमा पनि ठुलो चुनौतीका रूपमा रहेको छ। पक्की सडकमा गाईभैँसी बाँध्ने, गोबर पाथ्ने तथा कतिपय स्थानमा खुला दिसा गर्ने गरिएको लहान–१९ का हरिनाथ यादवले बताउनुभयो। उहाँका अनुसार लहान नगरपालिकाको सहरी तथा ग्रामीण क्षेत्रमा सरसफाइका लागि सरकारी लगानीसँगै नागरिक निगरानी आवश्यक छ। लहान नगरपालिका–१० बाट निस्कने खुटी नहरमा जम्मा हुने फोहोरका कारण सहर नै दुर्गन्धित भएको लहान–७ का बसन्त साहले बताउनुभयो। यसको दीर्घकालीन समाधान नभएसम्म वडा नं. १, २, ३, ४, ६, ७, ८ र १० मा स्वच्छता कायम गर्न कठिन हुने उहाँको भनाइ छ।

'सहरबाट बग्ने नहरमा शौचालयको ढल जोडिदिएका कारण सहरी क्षेत्रमा करिब अढाइ किलोमिटर नाक थुनेर हिँड्नुपर्ने बाध्यता छ,' उहाँले भन्नुभयो। लहान नगरपालिकाका दलित, विपन्न तथा सुकुम्वासी बस्तीमा चार हजार २०१ शौचालय निर्माणका लागि जग्गा र सोच दुवैको अभाव देखिएको स्वच्छता अभियानकी सहजकर्ता एलिना हिमाङ्ग चौधरीले बताउनुभयो। उहाँका अनुसार बीस हजार रुपियाँको मोबाइल बोक्नेले १० हजार रुपियाँ खर्च गरेर शौचालय निर्माण गर्नसमेत चासो नदेखाउने अवस्था छ।

दलित बस्तीलाई लक्षित गरी पटक–पटक अन्तरक्रिया, गोष्ठी तथा सडक नाटकमार्फत जागरण अभियान सञ्चालन गरिए पनि अपेक्षाकृत प्रभाव पर्न नसकेको उहाँले बताउनुभयो। लहानमा स्वच्छताका लागि देखिएको चुनौती समाधान गर्न भइरहेको प्रयासबारे नगरप्रमुख महेशप्रसाद चौधरीसँग जिज्ञासा राख्दा उहाँले भन्नुभयो, 'लहानमा स्वच्छताका लागि लहान नगरपालिका निकै प्रयासरत छ। यसका लागि नगरवासीमा चेतना र जागरण फैलाउन भइरहेका कार्यक्रमलाई महत्त्व दिन आवश्यक छ। पछिल्लो चरणमा स्वच्छताका लागि भइरहेको कार्यक्रम सकारात्मक रूपमा अघि बढे पनि चुनौती भने छ।'

# ट्र्याक्टरले किचेर मृत्यु

वीरगन्ज, १० भदौ। पर्साको पटेर्वा सुगौली गाउँपालिका–१ स्थित दुधेश्वरनाथ महादेव मन्दिर नजिक ट्र्याक्टरले किचेर बाराको विश्रामपुर गाउँपालिका–५ इटियाही टोलका १७ वर्षीय आकाश रामको मंगलबार मृत्यु भएको छ। ट्र्याक्टरबाट खसेका उनीलाई सोही ट्र्याक्टरले किचेर घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए। फरार चालकको खोजी भइरहेको उनले बताए।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# सिरहा भन्सारको राजस्व संकलनमा सुधार




सिरहा, १० भदौ। माडरस्थित सिरहा भन्सार कार्यालयले पछिल्ला तीन आर्थिक वर्षमा राजस्व संकलनमा सुधार गर्दै आएको छ। लक्ष्यअनुसार केही उतारचढाव देखिए पनि समग्र राजस्व परिचालन अवस्था सुधारोन्मुख रहेको कार्यालयको तथ्यांकले देखाएको छ। कार्यालयका सूचना अधिकारी विमलकुमार श्रेष्ठका अनुसार आर्थिक वर्ष २०८२/८३ मा रु.१८ करोड ६ लाख ३४ हजार राजस्व संकलनको लक्ष्य राखिएकोमा रु. १४ करोड ९४ लाख ४६ हजार संकलन भएको छ। यो लक्ष्यको ८३ प्रतिशत हो।

त्यसअघि आर्थिक वर्ष २०८१/८२ मा रु. १२ करोड १२ लाख ९२ हजार लक्ष्य रहेकामा रु. १४ करोड ८३ लाख ६१ हजार संकलन भएको थियो। उक्त वर्ष लक्ष्यको १२२ प्रतिशत राजस्व उठेको थियो। आर्थिक वर्ष २०८०/८१ मा भने रु. ११ करोड९९ लाख ५६ हजार लक्ष्य निर्धारण गरिएकामा रु. ९ करोड ४६ लाख ८ हजार मात्रै संकलन भएको थियो। यो लक्ष्यको ७९ प्रतिशत हो। तीन आर्थिक वर्षमा भन्सार कार्यालयले कुल रु. ३९ करोड २४ लाख १५ हजार राजस्व संकलन गरेको छ।

सूचना अधिकारी श्रेष्ठले आर्थिक वर्ष २०८१/८२ मा लक्ष्यभन्दा २२ प्रतिशत बढी राजस्व सङ्कलन हुनु महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो। कार्यालय प्रमुख प्रमोदकुमार दासका अनुसार आवश्यक जनशक्ति अभावका बाबजुद भन्सार छली तथा चोरीपैठारी नियन्त्रण, बजार अनुगमन, मालवस्तुको यथार्थ मूल्याङ्कन र सेवाग्राहीमैत्री सेवा प्रवाहमा जोड दिइएकाले राजस्व संकलनमा सुधार आएको हो।

**क्वारेन्टाइन कार्यालय नहुँदा समस्या**

माडर भन्सार नाकामा लामो समयदेखि क्वारेन्टाइन कार्यालय स्थापना हुन नसक्दा खाद्यान्न तथा कृषि सामग्रीको जाँचपासमा समस्या हुँदै आएको कार्यालय प्रमुख दासले बताउनुभयो। नाकामै क्वारेन्टाइन सेवा उपलब्ध नहुँदा कृषि तथा खाद्यान्नजन्य वस्तुको आयात-निर्यात प्रभावित हुने गरेको उहाँको भनाइ छ। क्वारेन्टाइन कार्यालय स्थापनाका लागि सम्बन्धित निकायसँग लामो समयदेखि पहल भइरहेको भए पनि हालसम्म स्थापना हुन सकेको छैन।

सिरहाको महत्वपूर्ण सीमावर्ती व्यापारिक नाका माडरबाट हुने आयात-निर्यात र सीमा व्यापारले भन्सार राजस्वमा प्रत्यक्ष प्रभाव पार्ने गरेको छ। आयातित वस्तुको परिमाण तथा मूल्य, भन्सार मूल्यांकन, व्यापारिक कारोबार र नीतिगत व्यवस्थाले समेत राजस्व संकलन प्रभावित हुने कार्यालयले जनाएको छ। स्थानीयका अनुसार अवैध ओसारपसार नियन्त्रणसँगै सीमावर्ती व्यापारलाई व्यवस्थित बनाउन सके राज्यको राजस्व बढ्नुका साथै वैधानिक व्यापारलाई समेत प्रोत्साहन गर्न सकिन्छ।

# सिरहामा ५५ किलो गाँजासहित एक युवक पक्राउ





सिरहा, १० भदौ। सिरहा प्रहरीले ५५ किलो लागुऔषध गाँजासहित एक युवकलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालयका सिरहाका अनुसार गोलबजार सिरहाबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले बुधबार बिहान साढे ३ बजे नैनपुरबाट मुसहरनिया तर्फ आउँदै गरेको मोटरसाइकल चेकजाँचको क्रममा ५५ किलो गाँजा बरामद गरेको हो।

प्रहरीले गाँजासहित सिरहा औरही गाँउपालिका वडा नम्बर ४ बस्ने २८ वर्षीय विक्रम यादवलाई पक्राउ गरेको जनाएको छ। ३ वटा बोरामा गाँजा राखेर २-०१-००४ प ८३६४ नम्बरको मोटरसाइकलमा ओसारपसार गरिरहेको बेला यादवलाई पक्राउ गरिएको प्रहरी प्रवक्ता रमेशबहादुर पालले बताए। पालका अनुसार मोटरसाइकल सहित अभियुक्तलाई ईलाका प्रहरी कार्यालयमा राखेर थप अनुसन्धान भइरहेको छ।

# बाढीमा वेपत्ता भएका नागरिकको खोजी कार्यलाई तीव्रता दिन पूर्वराजा शाहको आग्रह

काठमाडौं, १० भदौ। पूर्वराजा ज्ञानेन्द्र शाहले रसुवाको भोटेकोशीमा आएको बाढीमा परी वेपत्ता भएका नागरिकहरुको खोजी कार्यलाई तीव्रता दिन आग्रह गरेका छन्। खोजी कार्यलाई तीव्रता दिन आग्रह गरेका छन्। खोजी, उद्धार, राहत तथा उपचारका कार्यमा कुनै कमी हुन नदिन सम्बन्धित सबै निकायलाई शाहले आह्वान गरेका छन्।



देशवासीका नाममा सन्देश जारी गर्दै शाहले तिब्बतमा हिमताल फुटेर आएको भीषण बाढीका कारण नेपालमा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गरेका छन्।

उनले बाढीमा परी ज्यान गुमाएकाहरुप्रति श्रद्धाञ्जली र मृतकका परिवारजनहरुमा समवेदना व्यक्त गरेका छन्। घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै पूर्वराजा शाहले वेत्तपा भएकाहरुको तत्काल खोजी कार्यलाई तीव्रता दिन आग्रह गरेका छन्।

विपदको घडीमा एकजुट हुन सबैमा आग्रह गर्दै उनले सबैले सक्दो सहयोग गर्नुपर्ने बताएका छन्।

सीमासंग जोडिएको छिमेकी देशमा आएको प्राकृतिक विपत्तिले अर्को देशलाई समेत प्रत्यक्ष प्रभाव पार्ने भएकाले अलग-अलग प्रयासभन्दा त्रिदेशीय संयुक्त प्रयासमार्फत क्षति न्युनीकरण गर्नुपर्नेमा शाहले जोड दिएका छन्।

# भोटेकोशीमा आएको बाढीप्रति मधेस सरकारद्वारा दुःख व्यक्त, उद्धार, राहतमा जुट्न आह्वान

जनकपुरधाम, १० भदौ। मधेस प्रदेश सरकारले रसुवाको सीमावर्ती क्षेत्रबाट आज भोटेकोशी नदीमा अप्रत्याशित रूपमा आएको बाढी तथा त्यसबाट भएको जनधनको क्षतिप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ। मधेस प्रदेश सरकार मन्त्रिपरिषदको आज बसेको बैठकले भोटेकोशी नदीमा आएको बाढी क्रमशः तल्लो तटीय क्षेत्रमा अगाडि बढिरहेको भन्दै नदी किनार तथा तल्लो तटीय क्षेत्रका बासिन्दालाई पूर्ण सावधानी अपनाउन र सुरक्षित रहन आह्वान गरेको हो।

मधेस प्रदेश सरकारका प्रवक्ता तथा अर्थमन्त्री युवराज भट्टराईका अनुसार मन्त्रिपरिषद् बैठकले पछिल्लो समय वर्तमान पुस्ताले नदेखेको तथा नभोगेको स्तरमा बाढी तथा डुबानका घटना भइरहेकामा गम्भीर चिन्ता व्यक्त गर्दै विपदमा परेका घाइते तथा प्रभावितको शीघ्र उद्धार, राहत र पुनः स्थापनामा राज्यका सबै संयन्त्र तथा नागरिकलाई आ-आफ्नो क्षेत्रबाट सक्दो योगदान गर्न आह्वान गरेको छ।

मधेस प्रदेश सरकारले विपद्को उद्धार, राहत तथा पुनःस्थापनाका लागि नेपाल सरकारले अवलम्बन गर्ने नीतिमा प्रदेश सरकारको पूर्ण साथ र सहयोग रहने जनाएको छ। यस्तै बैठकले जलवायु परिवर्तनका कारण पछिल्लो समय नदी प्रणालीमा आकस्मिक बाढीका घटना पटकपटक बढिरहेको भन्दै नदी किनारका बस्ती, राजमार्ग, पुल तथा अन्य पूर्वाधार संरचनाको संरक्षणसँगै आकस्मिक बाढीले तल्लो तटीय क्षेत्रमा पार्ने डुबानजन्य समस्यालाई केन्द्रमा राखेर विशेष नीति निर्धारण गर्नुपर्ने आवश्यकता औँल्याएको छ।

मधेस प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा उद्धार र पुनःस्थापनाका कार्यलाई थप प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय तहबिच समन्वय आवश्यक रहेको मन्त्री भट्टराईले बताउनुभयो।

# मधेशमा जापानीज इन्सेफ्लाइटिसः १९ सङ्क्रमित, ६ को मृत्यु

**रवीन्द्र उप्रेती**

बर्दिबास, १० भदौ। देशव्यापी बन्दै गएको प्राणघातक रोग जापानीज इन्सेफ्लाइटिस (जेई) को सङ्क्रमण मधेश प्रदेशभर फैलँदै गएको छ। सङ्क्रमित क्युलेक्स जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने यो रोगको सङ्क्रमण सर्लाहीबाहेक मधेशका सबै जिल्लामा देखिएको छ। सङ्क्रमणसँगै मृत्यु दरसमेत उच्च देखिएको छ।

प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक सरोज न्यौपानेका अनुसार भदौ ५ गतेसम्म मधेश प्रदेशका सात जिल्लाका १५ पालिकामा गरी १९ जनामा प्रयोगशाला परीक्षणबाट जापानीज इन्सेफ्लाइटिस पुष्टि भएको छ। सङ्क्रमितमध्ये ६ जनाको अर्थात् करिब ३२ प्रतिशतको मृत्यु भएको छ। न्यौपानेले भन्नुभयो, “यो मृत्युदर उच्च हो।” निर्देशनालयका खोप सुपरभाइजर लक्ष्मेश्वर झाका अनुसार जापानीज इन्सेफ्लाइटिसबाट सप्तरी जिल्ला सबैभन्दा बढी प्रभावित भएको छ। जिल्लाका राजगढ, तिलाठी कोइलाडी, डाक्नेश्वरी र महदेवा क्षेत्रमा सङ्क्रमण देखिएको छ। भदौ ५ गतेसम्म सप्तरीमा ६ जनामा सङ्क्रमण पुष्टि भएकोमा दुई जनाको मृत्यु भएको छ।

त्यस्तै, पर्सामा चार सङ्क्रमितमध्ये दुई जना, धनुषामा तीन सङ्क्रमितमध्ये एक जना तथा रौतहटमा एक जनाको मृत्यु भएको झाले जानकारी दिनुभयो। महोत्तरीको बर्दिबास, औरही र सम्सी क्षेत्रमा गरी तीन जना तथा सिरहाको धनगढीमाई नगरपालिका र बारामा एक-एक जनामा जापानीज इन्सेफ्लाइटिस पुष्टि भएको छ। सङ्क्रमितमध्ये केहीको उपचार भइरहेको छ।

उपचारपछि घर फर्किएकामा समेत दीर्घकालीन स्वास्थ्य समस्या देखिएको परिवारजनले बताएका छन्। बोल्न तथा खाना खान कठिन हुने, मानसिक अवस्था सुस्त हुने तथा अन्य शारीरिक-मानसिक अपाङ्गता देखिने गरेको उनीहरूको भनाइ छ। रोकथामका लागि बालबालिकालाई नियमित खोप दिइँदै आए पनि सङ्क्रमण बढिरहेको छ। खोप सुपरभाइजर झाले नियमित खोप अभियानअन्तर्गत करिब ९५ प्रतिशत बालबालिकाले जेई खोप पाएको जानकारी दिनुभयो।

“पछिल्लो समय खोप नलिएका वा खोप लगाउने उमेर ढल्किएका व्यक्तिमा सङ्क्रमण र मृत्युदर बढी देखिएको हो,” झाले स्पष्ट पार्नुभयो। सङ्क्रमण फैलँदै गएपछि प्रदेश स्वास्थ्य निर्देशक सरोजराज न्यौपानेको नेतृत्वमा विश्व स्वास्थ्य संगठन, खोप सुपरभाइजरलगायतको टोली प्रभावित क्षेत्रमा पुगेको छ। टोलीले स्थानीय बासिन्दा, वडाध्यक्ष, नागरिक समाज तथा अन्य सरोकारवालासँग छलफल गरी सङ्क्रमणको अवस्था र रोकथामका उपायबारे जानकारी लिइरहेको छ।

टोलीले नियमित खोप लगाउन, घरवरपर पानी जम्न नदिन, राति सुत्दा झुलको प्रयोग गर्न तथा शरीर पूरै ढाकिने गरी कपडा लगाउन र हाँस तथा सुँगुर-बंगुरका खोर बस्तीभन्दा केही टाढा राख्न सर्वसाधारणलाई अपिल गरेको छ। उच्च ज्वरो आउने, अत्यधिक टाउको दुख्ने, बान्ता हुने, बेहोस हुने, शरीरमा ऐंठन वा झट्का लाग्ने तथा मानसिक अवस्थामा परिवर्तन हुनेजस्ता लक्षण देखिएमा ढिला नगरी नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न टोलीले आग्रह गरेको छ।

विशेषगरी ५० वर्षभन्दा माथिका व्यक्तिमा जापानीज इन्सेफ्लाइटिसका कारण मृत्यु बढी देखिएको भन्दै परिवारका ज्येष्ठ सदस्यको स्वास्थ्यमा विशेष ध्यान दिन आग्रह गरिएको छ। यसैबिच, मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेशका आठवटै जिल्लाका स्वास्थ्य कार्यालयलाई जापानीज इन्सेफ्लाइटिसको रोकथाम तथा नियन्त्रणका लागि तत्काल आवश्यक कदम चाल्न निर्देशन दिएको छ।

मन्त्रालयले स्थानीय तहसँग समन्वय र सहकार्य गरी रोगको जोखिम न्यूनीकरण, जनचेतना अभिवृद्धि, खोपको पहुँच तथा प्रभावित क्षेत्रमा आवश्यक स्वास्थ्य सेवा प्रभावकारी बनाउन निर्देशन दिएको हो। यता, स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाको साउन मसान्तसम्मको पछिल्लो प्रतिवेदनअनुसार देशभर ५८ जनामा प्रयोगशाला परीक्षणबाट जापानीज इन्सेफ्लाइटिस पुष्टि भइसकेको छ। तीमध्ये १६ जनाको मृत्यु भएको छ।

स्वास्थ्य अधिकारीहरूले सङ्क्रमणको जोखिम कायमै रहेकाले ‘सचेत बनौँ, खोप लगाऔँ, लामखुट्टेको टोकाइबाट बचौँ र जापानीज इन्सेफ्लाइटिसबाट सुरक्षित रहौँ’ भन्ने सन्देशसहित सर्वसाधारणलाई सतर्क रहन आग्रह गरेका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा.-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)